२०८० असोज २६ गते तदनुसार October 13, 2023 शुक्रवारको बैठकमा पेश भएका कार्यसूचीहरु :

१. प्रहरी चौकी हर्कपुरलाई जग्गा प्राप्तिको लागि सिफारिस सम्बन्धमा ।

२. डिभिजन वन कार्यालाय ओखलढुङ्गालाई निशुल्क जग्गा प्राप्तिको लागि सिफारिस सम्बन्धमा ।

३. शोक प्रस्ताव सम्बन्धमा ।

४. आर्थिक सहयोग सम्बन्धमा ।

५. मानेभन्ज्याङ गाउँपालिकाको प्राविधिक कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि,२०८० पारित सम्बन्धमा ।

६. मानेभन्ज्याङ गाउँपालिकाको कन्टिन्जेन्सी रकम खर्च सम्बन्धी कार्यविधि,२०८० पारित सम्बन्धमा ।

CamScanner

**बैठकका निर्णयहरु:**

**निर्णय नं.१:** मानेभन्ज्याङ गाउँपालिका वडा नं. ७ हर्कपुर (साविक टोक्सेल गा.वि.स. वडा नं. २) हर्कपुरमा रहेको कि.नं. ३४४ को क्षेत्रफल ५९-७-०-३ को ऐलानी जग्गा मध्यबाट ७ (सात) रोपनी जग्गा प्रहरी चौकी हर्कपुरले २०६४ सालमा स्थापना भएदेखी नै भोगचलन गर्दै आइरहेको र उक्त ऐलानी जग्गामा स्थानीयबासीहरुले रकम संकलन गरी एकतले पक्की भवन निर्माण गरी हर्कपुर प्रहरी चौकी सञ्चालन भइरहेको अवस्था छ तर प्रहरी चौकीको नाममा जग्गा कायम नभएकोले सरकारी अनुदान/बजेट प्राप्त नहुने भएको हुँदा अन्यत्र जग्गा पनि नपाइएकोले हाल प्रयोग भइरहेको माथि उल्लेखित कित्ता नं. र क्षेत्रफल रहेको ऐलानी जग्गा मध्यबाट ७ (सात) रोपनी प्रहरी चौकी हर्कपुर, मानेभन्ज्याङ ओखलढुङ्गाको नाममा स्वामित्व रहने गरी धनिपूर्जा प्राप्तिको लागि सिफारिस गरिदिने निर्णय गरियो ।

**निर्णय नं.-२:** मानेभन्ज्याङ गाउँपालिका वडा नं. ५ स्थायी निवासी श्री आशाजित थापा मगर तथा श्री टेक बहादुर मगरको छोरा श्री गोरख बहादुर थापाको नाममा मानेभन्ज्याङ गाउँपालिका को वडा नं. ५ (साविक मानेभन्ज्याङ गाविस वडा नं. ४) मा रहेको कित्ता नं. २४३९, क्षेत्रफल ११-६-२-१ मध्य पूर्व बीचबाट ३ (तीन) रोपनी जग्गा डिभिजन वन कार्यालय ओखलढुङ्गालाई निशुल्क रजिष्ट्रेसन पासको लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** यस गाउँपालिकाका वडा नं. ६ का वडाध्यक्ष श्री हेमराज राईको ममतामयी आमाको मिति २०८० भदौ २९ गते र यस गाउँपालिकाको उपाध्यक्ष श्री आश्राचन राईको ममतामयी आमाको मिति २०८० असोज २४ गते असामयिक निधन भएको हुँदा आजको कार्यपालिका बैठकबाट मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजन प्रति भावपूर्ण समवेदना व्यक्त गर्दछौ ।

**निर्णय नं.-४:** यस गाउँपालिकाको वडा नं. ८ राघवपुर निवासी श्री दानबहादुर दर्जीको श्रीमती वेदीमाया दर्जीलाई सुत्केरी अवस्थामा असहज भइ पुरै जिउ प्यारालाइसिस भइ उठ्न बस्न तथा हिडडुल गर्न नसक्ने भएकोले आर्थिक सहयोग माग भइ आएको हुँदा निज वेदीमाया दर्जीलाई रु. १५,०००/-(पन्ध्र हजार) मात्र आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.५:** मानेभन्ज्याङ गाउँपालिका तथा वडा कार्यालयहरुमा कार्यरत प्राविधिक कर्मचारीहरु (सिभिल समूह) का लागि प्रोत्साहन भत्ता उपलब्ध गराउनको लागि "मानेभन्ज्याङ गाउँपालिकाको प्राविधिक कर्मचारी प्रोत्साहन भत्ता सम्वन्धी कार्यविधि, २०८०" पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** यस गाउँपालिकाको कन्टिजेन्सी रकम खर्च गर्नको लागि "मानेभन्ज्याङ गाउँपालिका कन्टिन्जेन्सी रकम खर्च सम्वन्धी कार्यविधि, २०८०" पारित गर्ने निर्णय गरियो ।